लेकवेशी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कल्याण, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

(प्रशासन शाखा)

प.सं.- २०७९/०८०

च.नं.- 333

मितिः २०७९/०५/२४

विषयः- सेवा करार सम्बन्धी सूचना ।

(सूचना प्रकाशन मिति २०७९/०५/२४)

प्रस्तुत विषयमा लेकवेशी नगरपालिका कल्याण सुर्खेतको लागि तपसिलका पदहरुमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समय भित्र तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर सम्बन्धी विवरण कार्यालयबाट वा कार्यालयको बेवसाईट www.Lekbeshimun.gov.np बाट समेत उपलब्ध हुने छ ।

शैक्षिक योग्यता र अनुभवः

| विज्ञापन नं. | सेवा करारमा लिने पद | माग संख्या | न्यूनतम शैक्षिक योग्यता | कै. |
|---|---|---|---|---|
| २/०७९/०८० | मेडिकल अधिकृत | १ (एक) | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट एम.वि.वि.एस. वा सो सरह उपाधि प्राप्त गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको । | |
| ३/०७९/०८० | पशु चिकित्सक | १ (एक) | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सा विषयमा B.vsc&A.H./ B.v.sc. वा सो सरहको स्नातक तह उत्तीर्ण गरेको र नेपाल पशु चिकित्सा परिषदमा दर्ता भएको । | |
| ३/०७९/०८० | कृषि स्नातक | १ (एक) | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा कम्तीमा स्नातक तह उत्तीर्ण भएको । | |
| ४/०७९/०८० | सर्भेक्षक | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी. वा सो सरह उत्तिर्ण गरी सर्भे वा जियोम्याटिक्स विषय लिई ३ बर्षे प्रवीणता प्रमाणपत्र तह सरहको डिप्लोमा उत्तीर्ण वा विज्ञान (भौतिक विज्ञान समूह) वा भुगोल विषय लिई प्रमाणपत्र तह वा १०+२ वा सो सरहको परीक्षा उत्तीर्ण गरी कम्तीमा १ बर्षको जुनियर नापी | |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | | तालिम गरेको | |
| ५/०७९/०८० | स्टाफ नर्स | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रमाण पत्र तह उत्तीर्ण गरि सम्बन्धित काउन्सिलको दर्ता प्रमाण पत्र | |
| ६/०७९/०८० | अमिन | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.ई.ई.मा कम्तीमा सी ग्रेड प्राप्त गरेको वा एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोम्याटिक्स विषयमा १ बर्षको तालिम प्राप्त गरेको हुनु पर्ने छ। | |
| ७/०७९/०८० | कार्यालय सहयोगी | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा ८ (आठ) उत्तीर्ण | |

१. परीक्षाको किसिमः- लिखित र मौखिक तथा का.स.को लागि मौखिक मात्र।

२. कार्यक्षेत्रः- सम्झौता अनुसार

३. आवेदकको उमेरको हदः- कार्यालय सहयोगी, अमिन, स्टाफ नर्स पदका लागि आवेदन दिने अन्तिम मिति सम्ममा १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको साथै मेडिकल अधिकृत, पशु चिकित्सक र कृषि स्नातक पदका लागि २१ बर्ष पुरा भई ३५ बर्ष ननाघेको र महिला आवेदकको हकमा ४० बर्ष ननाघेको ।

४. दरखास्त पाईने स्थान- लेकवेशी नगरपालिकाको वेभसाईट www.Lekbeshimun.gov.np

५. आवेदन दिने अन्तिम मितिः- २०७९/०६/०७ गते कार्यालय समय भित्र।

६. संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः आवेदनको साथमा नेपाली नागरिकताको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी, अनुभव कागजातको प्रतिलिपी, तालिम प्राप्त गरेको प्रमाण पत्रको प्रतिलिपी। (प्रतिलिपी कागजातहरु अनिवार्य रुपमा उम्मेदवार स्वयमले प्रमाणित गरेको हुनुपर्नछ।)

७. पारिश्रमिक तथा सेवा सुविधाः- करार सम्झौता अनुसार।

८. करार अवधिः- २०८० आषाढ मसान्त सम्म।

९. दरखास्त दस्तुरः- मेडिकल अधिकृत, पशु चिकित्सक र कृषि स्नातकका लागि रु. १०००।- को रसिद, सर्भेक्षक र स्टाफ नर्स, अमिन र कार्यालय सयहोगी पदका लागि रु. ५००।- को नगदी रसिद।

१०. लिखित र मौखिक परीक्षा मितिः- नगरपालिको सूचना अनुसार।

११. थप जानकारीका लागि ९८४८१९३९११, ९८४८०४०२३०, ९८४८२९९५५९, ९८४८०३९०४९, ९८५८०३७०४१ र ९८४८१६५३३५ मा सम्पर्क राख्न सकिनेछ।

२०७९।६।२४

(पहलमान अधिकारी)

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत